☎: ०६१-५४०४५०, ५४०४५१
५२२७०१, ५२२७०२,
फ्याक्स : ०६१-५४०४५२
e-mail : ciaapkr@gmail.com

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय
## पोखरा

पत्र संख्या :- ०७८।७९
चलानी नं : - १५३८१

मितिः २०७८।०९।१३

श्री स्थानीय तहहरू, गोरखा, लमजुङ, तनहुँ, कास्की, पर्वत, स्याङ्जा, म्याग्दी, बागलुङ, मनाङ र मुस्ताङ जिल्ला ।

**विषयः निबन्ध लेखन प्रतियोगितामा प्रचार प्रसार र समन्वय सम्बन्धमा ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको एकतिसौं स्थापना दिवस (२०७८ माघ २८) को उपलक्ष्यमा आयोगको कार्यालय पोखराबाट र राष्ट्रव्यापी रूपमा आयोग, टंगालबाट निबन्ध लेखन प्रतियोगिता आयोजना हुने भएकोले सोका लागि आयोगको कार्यालय पोखराद्वारा "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन" विषयक निबन्ध प्रतियोगिता आयोजना गरिएको छ ।

प्रस्तुत शीर्षकमा कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरूबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा, कास्की वा ईमेल ठेगाना ciaapkr@gmail.com मा २०७८ साल पुस ३० गते भित्र निबन्ध पठाइसक्नुपर्ने भएकोले पालिका भित्रका सबै विद्यालयहरूलाई पत्राचार तथा सूचना प्रेषित गरी सहभागिताका लागि आवश्यक सहयोग गरिदिनहुन अनुरोध छ ।

प्रतियोगिताको सम्बन्धमा आयोगको वेवसाईट ciaa.gov.np बाट विस्तृत विवरण प्राप्त गर्न सकिनेछ । साथै, कार्यालयबाट प्रकाशित सूचना यसैसाथ संलग्न गरी पठाइएको छ ।

(मेघनाथ रिजाल)
उपसचिव

☎: ०६१-५४०४५०, ५४०४५१
५२२७०१, ५२२७०२,
फ्याक्स : ०६१-५४०४५२
e-mail : ciaapkr@gmail.com

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय
## पोखरा

पत्र संख्या :-

चलानी नं : -

### निबन्ध लेखन प्रतियोगितामा सहभागिताका लागि आह्वानको सूचना!

(प्रकाशित मितिः २०७८।०९।१३)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको एकतिसौं स्थापना दिवस (२०७८ माघ २८) को उपलक्ष्यमा आयोगको कार्यालय पोखराबाट र राष्ट्रव्यापी रूपमा आयोग, टंगालबाट निबन्ध लेखन प्रतियोगिता आयोजना हुने भएकोले सोका लागि आयोगको कार्यालय पोखराद्वारा निम्न बमोजिम प्रतियोगिता आह्वान गरिएको छ ।

**(क) कार्यालयबाट आयोजना हुने प्रतियोगिता सम्बन्धमा**

१. निबन्धको शीर्षकः कार्यालयबाट आयोजना हुने प्रतियोगिताका लागि निवन्धको शीर्षक "भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन" रहेको छ ।

२. प्रतियोगिताका सहभागीहरूः गण्डकी प्रदेशका गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी र बागलुङ जिल्लाका कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीहरू ।

३. निबन्धको शब्द सीमाः निबन्ध २००० देखि ३००० शब्दमा नबढाई लेख्नुपर्नेछ ।

४. निबन्धको भाषाः निबन्ध नेपाली भाषामा लेख्नुपर्नेछ ।

५ प्रतियोगितामा सहभागी हुने प्रक्रियाः प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफूले लेखेको निबन्ध साथ आफ्नो नाम थर ठेगाना, विद्यालयको नाम र ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क फोन नम्बर उल्लेख गरी विद्यालयबाट आयोगको कार्यालयलाई सम्बोधन गरी लेखिएको सिफारिस पत्र समेत संलग्न राखी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखरा, कास्की वा ईमेल ठेगाना ciaapkr@gmail.com मा २०७८ साल पुस ३० गते भित्र आइपुग्ने गरी पठाइसक्नुपर्नेछ ।

६. नतिजा प्रकाशन तथा पुरस्कार :- कार्यालयबाट आयोजित प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने विद्यार्थीहरूलाई सम्बन्धित विद्यालयमार्फत् वा टेलिफोन वा उपयुक्त माध्यमबाट जानकारी गराइनेछ । कार्यालयबाट आयोजित निबन्ध लेखन प्रतियोगितामा देहाय बमोजिम नगद पुरस्कार प्रदान गरिनेछ ।

| | |
|---|---|
| क. प्रथम -रु. १२,०००/- (बाह्र हजार) | १ जनालाई |
| ख. द्वितीय - रु ९,०००।- (नौ हजार ) | १ जनालाई |
| ग. तृतीय - रु. ७,५००।- (सात हजार पाँच सय) | १ जनालाई |
| घ. सान्त्वना - रु.५,०००/- (पाँच हजार) | २ जनालाई |

७. थप जानकारीका लागि सम्पर्कः प्रस्तुत प्रतियोगिता सम्बन्धी विस्तृत विवरण ciaa.gov.np मा राखिएको छ (लिंक http://ciaa.gov.np/singleNotice/132) । आयोगको कार्यालय पोखरामा सम्पर्क नम्बरहरूः ९८४८२५६४४४ र ९८५६०७७१८९ मा सम्पर्क गर्नुहोला ।

**(ख) राष्ट्रव्यापी प्रतियोगिता सम्बन्धमाः**

आयोगका कार्यालयहरूबाट प्रथम भएका विद्यार्थीहरूबीच राष्ट्रव्यापी रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल काठमाडौंमा मिति २०७८/१०/२६ गते निबन्ध लेखन प्रतियोगिता सञ्चालन हुनेछ । उक्त प्रतियोगितामा विद्यार्थी स्वयं उपस्थित भई सहभागी हुनुपर्नेछ । उक्त निबन्ध लेखन प्रतियोगिताको शीर्षक पछि उपलब्ध गराइनेछ । निबन्ध लेखनको समय ३ घण्टा रहनेछ ।

राष्ट्रव्यापी उक्त प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने विद्यार्थीलाई निम्न बमोजिम नगद रकमसहित आयोगको ३१औं स्थापना दिवस (२०७८ माघ २८ गते) को अवसरमा काठमाडौंमा आयोजना हुने कार्यक्रममा पुरस्कृत गरिनेछ ।

| | |
|---|---|
| क. प्रथम- रु.२५,०००।- (पच्चीस हजार) | १ जनालाई |
| ख. द्वितीय - रु १५,०००/- (पन्ध्र हजार) | १ जनालाई |
| ग. तृतीय रु.१०,०००/- (दस हजार ) | १ जनालाई |

आयोगका कार्यालयहरूबाट आयोजना हुने निबन्ध लेखन प्रतियोगितामा प्रथम भई राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा भाग लिन आउने विद्यार्थी र निजको एक जना अभिभावकलाई काठमाडौंसम्म आउन जान लाग्ने बसभाडा र अन्य खर्च आयोगले निर्धारण गरेबमोजिम उपलब्ध गराइनेछ ।